# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्यौंट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:२०७५।७६ च.नं

मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
बिगु गाँउपालिका,
दोलखा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस बिगु गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदन्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.६ करोड ५७ लाख १५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.११ लाख ८२ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ५७ लाख ९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ७८ लाख ५४ हजार र पेश्की रकम रु.९ लाख ७० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएको दफा हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २३ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# विगु गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६२०७४२७.३० | १ | **खर्च** | | ३११७४७७००.०० |
| | कार्यालय व्यबस्थापन | ४८००००० | ० | | **नेपाल सरकार** | ३०७७७२२६३.०० | ० |
| | जि.स.स अनुदान | १७०२६१.०० | ० | | **धरौटी** | ४७४५००.०० | ० |
| | **राजस्व बाँडफाँड** | ६७००००.०० | ० | | आन्तरीक आया | ३३८९६४.०० | ० |
| | अन्य | ५६७१६६.३० | ० | | झोपु | ३६०००.०० | ०० |
| | | | ० | | जि.स.स अनुदान | १२६०००.०० | ० |
| | | | ० | | | | ० |
| २ | **नेपाल सरकारको अनुदान** | | ३०७८१८१४५.०० | 2 | मौज्दात श्रेस्ता अनुसार | | १८४०८५३९.३० |
| | बित्तिय समानिकरण | २७२५१२४४५.०० | ० | | आन्तरीक आय | १८२१९३६९.३० | ० |
| | सामाजिक सुरक्षा अनुदान | ३३३०२६०.०० | ० | | झो.पु | ९६०००.०० | ० |
| | गरिबसँग बिसेश्बर कार्यत्र,म | ८५८०००.०० | ० | | **धरौटी** | ३०००.०० | ० |
| | एल.जी .सि.डि.पि चालु | ५४५१००.०० | ०० | | **हेरालु पारिश्रमिक** | ४४२६१.०० | ० |
| | एल.जी .सि.डि.पि पुजिगत | ६०००००.०० | ० | | एल.जी .सि.डि.पि चालु | ३०९.०० | ० |
| | | | ० | | एल.जी .सि.डि.पि पुजिगत | ४१६००.०० | ० |
| 3 | धरौटी | | ४७७५००.०० | | | | ० |
| | | | ० | | | | ०० |
| | | | ० | | | | ० |
| ४ | **आन्तरीक आय** | | १५५२११६७.०० | | | | ० |
| | **मालपोत** | ११०८२४७.०० | ० | | | | ० |
| | सेवा सुल्क | ४९०५००.०० | ० | | | | ०० |
| | खानीजन्य | ५०००००.०० | ० | | | | ० |
| | बिबिध | १३४२२४२०.०० | ० | | | | ०० |
| | झोपु कार्यक्रम | | १३२०००.०० | | | | ० |
| | **जम्मा** | | **३३०१५६२३९.३** | | **जम्मा** | | **३३०१५६२३९.३** |

| बेरुजु दफा | लेखापरीक्षणबा देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | **वित्तीय कारोवार लेखापरीक्षणः** | |
| १. | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गगर्नुपर्ने व्यवस्था छ। कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि साविक जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किता, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता व्यवस्थीत नराखेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखिएको छ। जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन।<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाँउपालिकाहरुले सुत्र (SUTRA) सफ्टबेयरको प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले सो अनुसार सफ्टवयेर प्रयोग गरेको देखिएन। तोकिएको सफ्टवयेर प्रयोगमा ध्यान दिनु पर्दछ। | |
| २. | **बैक हिसाब बिबरण :-** गाँउपालिकाले २०७५ अषाढ मसान्तसम्म श्रेस्ताले बाँकी देखाएको रकम र बैकले बाँकी देखाएको रकम मा फरक परेकोमा समायोजन हिसाब तयार गरि बाँकी रकम यकिन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सो अनुसार बैक स्टेटमेन्ट लिई बाँकी रकम यकिन गर्नुपर्नेमा बैक स्टेटमेन्ट ले रु ३,२०,९५,८९८।९३ देखाएको र श्रेस्ताले १,८४,०८५३९।३० देखाएको भनि फरक रकम रु १३६८७३५९।६३ साट्न बाँकी चेक उल्लेख गरेको छ। बैक स्टेटमेन्ट र साट्न बाँकी चेकको बिबरण पेश नभएकोले बाँकी देखाएको रकम यकिन गर्न नसकिएको रु | १८४,०८,५२९/३० |
| | **कानूनको परिपालना** | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। चेकलिष्टको आधभारमा यस गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन। उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ। | |

| बेरुजु दफा | लेखापरीक्षणबा देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | • मासिक र वार्षिक प्रतिवेदन तयार गरेको छैन,<br>• बैंक समायोजन विवरण तयार गरेको छैन,<br>• कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>• आन्तरीक नियन्त्रण प्रणाली तयार नगरेको<br>• अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ ।<br>• सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन,<br>• योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>• निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,<br>• बैकमार्फत सामाजिक सुरक्षा भत्ता बितरण गरको छैन ,<br>• आयोजनाको भौतिक प्रगति सन्तोषजनक छैन,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• करको दायरा पहिचान भएको छैन,<br>• पदाधिकारी तथा जनप्रतिनिधी लाई समेत पेश्की दिएको छ<br>• ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको छ,<br>• योजना हस्तान्तरण तथा खचंको सावंजनिक परीक्षण भएको छैन,<br>• योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कता गरेको कन्टिन्जेन्सीको खचंको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन,<br>• फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,<br>• जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,<br>• कानूनी व्यवस्था विपरित कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा दिएको देखियो<br>• राजस्वको श्रोतको पहिचान गरेको छैन ,<br>• प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>• राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन ।<br>• राजस्वको रसिद नियन्त्रण खाता व्यबस्थीत नराखेको<br>• मर्मत अभिलेख खाता नराखेको<br>• खरिद कार्यपुर्व खरिद आदेश, माग फारम लगायतका आधारभुत कागजात श्रेस्तासाथ सँलग्न गर्ने नगरेको | |
| ४. | **कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्न योगदानमा आधारित उपादान, औषधिउपचार, कर्मचारी कल्याण कोष लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष कर्मचारी कल्याण खातामा कुनै प्रकारका रकम ल्याएको देखिएन । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ । | |
| ५. | **भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाँउपालिकामा यस वर्ष कुनै पनि भवन निर्माण अनुमति नदिएको गाँउपालिकाले पेश गरेको विवरणबाट | |

| बेरुजु दफा | लेखापरीक्षणबा देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | देखिन्छ । गाँउपालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| ६. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| ७. | **स्थानीय तथ्याङ्क र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| | **लेखापरीक्षणबाट देखिएका व्यहोरा :-** | |
| ८. | **जनशक्ती व्यबस्थापन** : स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । गाँउपालिकाबाट प्राप्त बिबरण अनुसार निम्न पदको २४ दरबन्दी स्वीकृत भएकोमा ६ जना स्थाई तथा १८ दरबन्दी रिक्त तथा दरबन्दी करारमा रहेको देखियो ।<br>कार्यालयमा कायम दरबन्दीमध्ये कर्मचारीहरुको पद रिक्त रहेकोले, कार्यचाप, ढिलासुस्ति तथा कार्यमा गुणस्तरियता हुन नसक्ने र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ । | |
| ९. | **कन्टिन्जेन्सी खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको भएतापनि गाँउपालिकाले ४ प्रतिशत कन्टिन्जेन्सी कटाई भुक्तानी गर्ने गरेको छ ।<br><br>गाँउपालिकाबाट कन्टेन्जेन्सी खर्चको बिबरण माग गरेकोमा अभिलेख नराखेको र बिबरण समेत उपलब्ध नगराएकोले ४ प्रतिशतको हदभित्र खर्च गरेको छ भन्न सकिने आधार भएन । नियमानुसार योजनागत रुपमा कन्टेन्जेन्सी खर्चको अभिलेख राखि नियमको पालन गर्नुपर्दछ | |
| १०. | **स्थलगत निरीक्षणः-** गाँउपालिकाले यसवर्ष सबै निर्माण कार्य उपभोक्ता एबं निर्माण व्यवसायीबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन २०७४को दफा ७८(३) अनुसार गाँउपालिकाको अध्यक्ष, प्रमुख र जिल्ला | |

| बेरुजु दफा | लेखापरीक्षणबा देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
|  | समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यवस्था छ । सो अनुसार गाँउपालिकाले योजनाहरु वडा अध्यक्षबाट र सो भन्दा माथिको योजनाहरु गाँउपालिकाको उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी सम्पन्न निर्माण कार्यको भुक्तानीका लागि सिफारिस गर्ने गरेको छ । अनुगमन पश्चात दिएको प्रतिबेदनमा निर्माण कार्यको बिस्तृत बिबरणमा उल्लेख नहुँदा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन । अतः कामको गुणस्तर कायम भए नभएको अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ । |  |
| ११. | **चौमासिक खर्च सन्तुलन** : स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार तोकिएबमोजिम चौमासिक रुपमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यलयले तोकिएको ढाँचामा चौमासिक खर्चको बिरवरण उपलब्ध नगराएकोले उक्त खर्चको बिश्लेषण गर्न सकिएन । कार्यालयले ५० प्रतिशत भन्दा बढि खर्च तेश्रो चौमासिकमा गरेको छ। आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमाा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सँचालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ । |  |
| १२. | **जिन्सी व्यबस्थापनः-** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ४७ मा कार्यालयमा प्राप्त भएको र खरीद गरिएको जिन्सी सामानहरुलाई खप्ने जिन्सी खातामा आम्दानी बाँधी जिन्सी अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था छ । गाँउपालिकाले नियमाबलीमा व्यबस्था भएबमोजिम कार्यालय प्रमुखबाट प्रमाणीत गराई दालिखा नं, जिन्सी खाता पाना नम्बर उल्लेख गरि जिन्सी आम्दानी तोकिए अनुसार राख्ने प्रयास गरेतापनि नियमानुसारको व्यबस्थाहरुको पुर्ण रुपमा पालना भएको पाईएन। यसबाट जिन्सी व्यबस्थापन प्रभाबकारी भयो भनि यकिन गर्ने आधार भएन । नियमालबलीको परिपालनामा ध्यान दिई जिन्सी व्यबस्थापन प्रभाबकारी बनाउनु पर्दछ । |  |
| १३. | **नापी किताब प्रबिष्टी एवं अभिलेख** : निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । गाँउपालिकाले तयार गरेको नापी किताबमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ ।<br>गाँउपालिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ<br>बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने देखिन्छ । तसर्थ नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । |  |
| १४. | **आयोजना हस्तान्तरण :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका १७२ आयोजनाहरु नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । |  |

| बेरुजु दफा | लेखापरीक्षणबा देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ। समपन्न आयोजनहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ। | |
| १५. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन। कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ। | |
| १६. | **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुबाई :-** स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ। गाँउपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो। सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरि बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ । | |
| १७. | **लक्ष प्रगति** : आर्थिक कार्यबिधी नियमाबली २०६४ को नियम २५ अनुसार बजेट तथा कार्यक्रम गर्ने प्रत्येक कार्यालयले अनुसुची २ को ढाँचामा चौमासिक प्रगति बिबरण तयार गर्नुपर्ने र नियम २६ बमोजीम तालुक निकायले त्यस्तो भौतिक तथा बित्तिय प्रगतिको समिक्षा गरि प्रगति कम हुनुका कारण पहिचान गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले उपरोक्त व्यबस्था अनुसार आफुले गरेको बार्षिक कार्यक्रमको प्रगति बिबरण तयार गरेको देखिएन। प्रगति बिबरण तयार नभएबाट समग्र कामको मुल्याँकन हुन सक्ने देखिएन। नियमाबलीको व्यबस्था अनुसार प्रगति बिबरण तयार गरि सम्पन्न कामको मुल्याँकन गर्ने व्यबस्था गर्नुपर्ने देखिन्छ। | |
| १८. | **मु.अ.कर भुक्तानी-** सार्बजनिक खरीद नियमाबली २०६४ को नियम ९७ मा जनसहभागीता, कन्टेन्जेन्सी र मु.अ.कर रकम कटाएर मात्र उपभोक्तालाई भुक्तानी गर्नुपर्ने व्यबस्था छ। पालिकाले मु.अ.कर लाग्ने सामानको मु.अ.कर समाबेश गरि कार्यसम्पन्न प्रतिबेदन तयार पारेको छ र सो को कर बिजक समेत पेश गरि मु.अ.कर समेत भुक्तानी गरेको पाइयो। नियमाबलीको व्यबस्था अनुसार मु.अ.कर रकम उपभोक्ताले व्यहोर्ने गर्नुपर्दछ। | |
| | **समानिकरण पुजिगततर्फ** | |
| १९. | **पुरै काम मेशिनबाट काम गराएको:-** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण काम गराउँदा मेसिन प्रयोग गर्न नहुने उ्ल्लेख छ। बिशेष परिस्थिति भएमा कारण जनाई स्वीकृति लिई मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। कार्यालयले अधिकाँश बाटो निर्माण गर्दा जे.सि.बि प्रयोग गरी गराएको देखियो। श्रममूलक काम मात्र उपभोक्ताबाट गराउनुपर्नेमा सबै निर्माण कार्य मेशिन प्रयोग गरी गराएको देखिँदा नियमको पालना गरेको देखिएन। यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ। यसका केही उदाहरणहरु यस प्रकार छन:- | |

| बेरुजु दफा | लेखापरीक्षणबा देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| भौ.नं मिति | उपभोक्ता समितिको नाम | कार्यसम्पन्न | निर्माण व्यबसायी | रकम | भुक्तानी |
|---|---|---|---|---|---|
| १८-०७४/१०/१२ | जामुनेभिर मनी ग्रा.उ.स | ८६३०६९.१४ | आ.र बि रौनक कन्ट्रक्सन | ८६३३२० | ७६४००० |
| १५९-०७५/३/१७ | खहरे चिसापानी सडक नि.उ.स | २८१०१०५ | जन्मभुमी कन्ट्रक्सन | २८१०४२३ | २८१०४२३ |
| १८१-०७५/३/११ | बक्माडाँडा गगलाते सडक | १३१२३६९.०० | गुगल कन्ट्रक्सन | १२५५८२५.०० | १२५५८२५.०० |
| २७२-०७५/३/२९ | सिगटी बुलुङ सडक नि उ.स | १८९५५७५.०० | जन्मभुमी कन्ट्रक्सन | १८९५५७५.०० | १८९५५७५.०० |

२०. **लागत अनुमान एबं कार्यसम्पन्नमा फरक नदेखिएको :-** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) (ख) मा उपभोक्ता समितिले गर्ने कामको लागत अनुमान सम्बन्धीत निकायको प्राबिधिकले तयार गर्ने र निर्माण कार्य सम्पन्न भएपछि नियम ९७(११) बमोजिम सोही सम्बन्धीत निकायको प्राबिधिकले नापजाच गरेर भुक्तानी दिनुपर्ने व्यबस्था छ । उपभोक्ता समितिले मेसिन प्रयोग गरेको काममा नरम माटो काट्ने, कडा माटो काट्ने , नरम ढुँगा काट्ने र मध्यम ढुँगा काट्ने कामको अनुपातको लागत अनुमान एबं कार्यसम्पन्न गरी गरेको नापी किताबमा समेत एउटै देखिँदा प्राबिधिक कर्मचारीले स्थलगत कामको अबस्था एकिन नगरी नापी किताब तयार गर्ने गरेको छैन भन्न सकिएन । यथार्थ काम अनुसार नापजाँच गरि भुक्तानी गर्नुपर्दछ । लागत अनुमान र नापी किताब बराबर देखाई भुक्तानी भएको काममध्ये केही उदाहरण यसप्रकार रहेका छनः-

| भौ.नं.मिति | निर्माण काम | कार्यसम्पन्न | कार्यसम्पन्न | | | | भुक्तानी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नरममाटो | कडा माटो | नरमकट्टान | कडाचट्टान | नरम | कडा | नरमचट्टान | कडा चट्टान | |
| १८-०७४/१०/१२ | जामुने भिरमुनी ग्रास | ८६३०६९.१४ | ६०% | २० % | १५% | ५% | ६० % | २०% | १५ % | ५% | ७६४०००.०० |
| ७६-०७४/१/३१ | मौर्य साङ्वा सडक उ.स | ९५५०००.०० | १५% | ४० % | ३०% | १५% | १५ % | ४०% | ३० % | १५% | ९५५०००.०० |
| १९१-०७५/३/१४ | भिरकुना बिगु सडक उ.स | २२४८७८७.०० | २५% | २५ % | ३०% | २०% | २५ % | २५% | ३० % | २०% | २२४८७८७.०० |
| २७२-०७५/३/२९ | सिगटी बुलुङ सडक | १७७५१३१.०० | ४५% | ३५ % | १५% | ५% | ४५ % | ३५% | १५ % | ५% | १७७५१३१.०० |

२१. **धरौटी कट्टा नगरेको:-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) भुक्तानी पूर्व रीत पुगे नपुगेको चेकजांच गर्नुपर्ने व्यबस्था छ । कार्यालयले निम्नानुसारको कार्यमा धरौटी कट्टा नगरी भुक्तानी गरेको अनियमित रु — १३,९६,६६३/२१

| भौ.नं मिति | पार्टिको नाम | खरिद रकम भ्याट बाहेक | ५ प्रतिशत धरौटी रकम | सामान |
|---|---|---|---|---|
| १६-०७४/९/३० | अग्नी ईन्करपोरेट | ४३३६२८३.१९ | २१६८१४.५ | स्कारपीयो जीप |
| २०-०७४/१०/१७ | अर्थ मुभर्स प्रा.ली | ११३७८९४.०० | ५६८६९४.६९ | चेन डोजर ब्रेकर |
| २१-००७४/१०/१७ | फोर्स कन्टक्सन | ३९९०००० | १९९५०० | ब्याकहोल लोडर |

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबा देखिएका व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>७७-०७४/२/१</td><td>लाङ्गदाङ्ग ईन्जीनियरीङ्ग कन्सल्टेन्सी लाखदु चिलँखा</td><td>१४०९०००.००</td><td>७०४५०.०० </td><td>कन्सल्टेन्सी</td></tr>
<tr><td>११२-०७४/२/१६</td><td>सिप्रदी टेडिङ्ग प्रा.ली</td><td>२४२८३१६.००</td><td>१२१४१५.८०</td><td>टिपर</td></tr>
<tr><td>१७६-०७५/३/११</td><td>एस.एस. आ.बि एण्ड सप्लायर्स</td><td>२४२८३१६.००</td><td>१२१४१५.८०</td><td>ग्याबिन बक्स</td></tr>
<tr><td>२६६-०७५/३/२९</td><td>सागर एण्ड शिशिर कन्ट्रक्स्न</td><td>१९६७४४९.००</td><td>९८३७२.४२</td><td>ह्युम पाईप</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१३९६६६३/२१</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२.</td><td>खर्च पुष्टि हुने प्रमाणः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (८) अनुसार खर्च पुष्टि हुने प्रमाण तथा भुक्तानी दिन रीत पुगेको नपुगेको चेक गरेर मात्र भुक्तानी दिनुपर्ने व्यबस्था छ । गाँउपालिकाले निम्नानुसारको रकम रित नपुगेको अबस्थामा भुक्तानी दिएको देखियो । यसबाट भुक्तानी रकम सही काममा प्रयोग भएको छ भन्न सक्ने आधार भएन ।</td><td></td></tr>
<tr><td>२२.१.</td><td>भौ.नं ९१,०७५।२।९ बाट ओराङ्ग साना सहकारी सँस्थालाई बिउबिजन तथा औजार खरिदको लागी रु ६,००,०००।- कार्यक्रम स्वीकृत भएको भनि भुक्तानी दिंदा औजार खरिद नगरि बिउबिजन खरिदको मात्र बिल राखी रु ६,००,०००।- भुक्तानी दिएको देखियो । मेसिनरी औजार खरीद गरि सहकारी मार्फत किसानलाई औजार उपलब्ध गराई उत्पादन बढाउन बजेट प्रयोग गर्नुपर्नेमा केबल बिउ खरिद गरी बाँडेको भरमा खर्च गरेको अनियमित देखिएको रु</td><td>६,००,०००/-</td></tr>
<tr><td>२२.२.</td><td>भौ.न. २५०,०७५।३।२० बाट गाँउपालिकाले जनतालाई सेबा दिनुको सट्टा आफैले जीम लगायतको फिटनेसका सामान रु ४९६,६३३।- मा खरिद गरि जिन्सी आम्दानी गरेको छ । सार्वजनिक निकायले यस्तो कार्यमा रकम खर्च गर्नु पर्ने उपयुक्त आधार समेत देखिँदैन । गाँउपालिको उद्देश्य बिपरित कार्यमा खर्च गरि खरिद गरेका सामान प्रयोजन हिन अबस्थामा रहेको छ । यस्तो कार्यमा खर्च गर्न निर्णय गर्ने पदाधिकारीलाई जिम्मेबार बनाईनुपर्ने अनुत्पादक खर्च रु</td><td>४,९६,६३३/-</td></tr>
<tr><td>२२.३.</td><td>भौ.नं २५५,०७५।३।२१ बाट बडा नं ४ जागृत कृषक समुह नर्सरी व्यबस्थापन भनि रु १९२०,०००।- भुक्तानी दिएको छ। उक्त समुह र कार्यलय बिच के कति काम सम्पन्न गर्दा उक्त रकम भुक्तानी दिने हो सम्झौता समेत भएको देखिएन । उक्त समुहले कति क्षेत्रफलमा नर्सरी , टनेल निर्माण गर्ने हो सो समेत उल्लेख गरेको देखिएन । समुहले नर्सरीको लागी जग्गा आफ्नो नाममा किनेको छैन । ५ बर्षको लागी केही जग्गा भाडामा लिएपनि सो रकम समेत समुहले व्यहोरेको देखिएन । यो बर्षको भाडाको बिल समेत राखी रु ६००००।- भुक्तानी दिएको असुल गर्नुपर्ने देखिन्छ । उक्त नर्सरीमा गाँउपालिकाको ठुलो रकम लगानी पश्चात सर्बसाधारण कृषकले सुपथ मुल्यमा बिरुवा, फलफुल बिरुवा पाउने आधार समेत देखिँदैन । केही कृषक समुहलाई फाईदा हुने उनिहरुको लगानी बिना गाँउपालिकाको गरि रकम बिनियोजन गरि खर्च लेखेको सम्बन्धमा निर्णय गर्ने पदाधिकारीलाई जिम्मेबार बनाईनुपर्ने अनियमित देखिएको रु</td><td>१९,२०,०००/-</td></tr>
<tr><td>२२.४.</td><td>भौ.नं ७ मिति ०७४।८।९ मा कार्यालयले मोटरसाइकल खरिद गर्दा मितव्ययीता लाई र कार्यलयलेका कार्य प्रयोजनलाई ध्यान दिई खरिद गर्नुपर्नेमा बिलासिता तर्फ उन्मुख भई एक्स आ.र १५० सि.सि मोटरसाईकल रु ४८००००।- मा खरिद गरको देखियो । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने देखिएको रु</td><td>४,८०,०००/-</td></tr>
<tr><td>२३.</td><td>बिल भरपाई तथा खर्चको पुष्ट्याई :– आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ (३) मा बमोजिम स्वीकृत बजेट खर्च लेख्दा बिल भरपाई र पुष्ट्याई सहितको लेखा राख्नु पर्ने व्यबस्था छ । गाँउपालिकाले निम्नानुसारको खर्च लेख्दा स्पष्ट आधार तथा पुष्ट्याई सहित को प्रमाण सँलग्न नगरी खर्च लेखेको देखियो । पर्याप्त प्रमाण बेगर</td><td>७९,०२,०९३/-</td></tr>
</table>

| बेरुजु दफा | लेखापरीक्षणबा देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

आँसिक प्रमाण को आधारमा खर्च लेखेको देखिँदा खर्च रकम नियम सम्मत नदेखिएको रु.....

| भौ.नं.मिति | कार्यक्रम | सामान | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ६४-०७५/१/२४ | वडा नं ५ सोलार जडान | सोलार | २६०८०० | कार्यसम्पन्न प्रमाण पेश नभएको |
| १७६-०७५/३/११ | गाँउपालिका भरीको लागी ग्याबिन खरिद | २*१*१ को ९९५ थान र १.५*१*१ को ९९५ थान ग्याबिन | ५२२९५७६.०० | उपयोग भई कार्यसम्पन्न प्रमाण पेश नभएको |
| १८६-०७५/३/१३ | दलित समुह उ.स वडा नं २ | १५ थान आरन मेसिन | ९५५०० | दलितको नाम छनौट र बितरण नदेखिएको |
| १८८-०७५/३/१३ | सिलाई बुनाई महिला समुह वडा नं २ | अध्यक्ष साबित्रि साहिले किनेको सिलाई मेसिन ६ थान | ९३००० | महिला छनौट , हाजीरि र बितरण भरपाई नभएको मेसिन बितरण फोटो नभएको |
| २६६-०७५/३/२९ | गाँउपलिका | ह्युम पाइप ७६ थान | २२२३२१७ | प्रयोग तथा कार्यसम्पन्न प्रमाण पेश नभएको |
| | | जम्मा | ७९,०२,०९३/- | |

२४. **बितरणमुखी कार्यक्रमः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था रहेका छ। गाउंपालिकाले उक्त सूची तथा ऐन बमोजिम क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गर्नुपर्दछ। स्थानीय सरकार संचालन ऐनको मर्मअनुरुप गरिबी, पछौटेपन, बेरोजगारी, गरिबी लगायतका सामाजिक पछौटेपनहरुको निरुपणको लागि बिभिन्न अभिमुखीकरण तालिम, सीप बिकास लगायतका कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ। गाउंपालिकाले बिभिन्न सीप बिकास तथा अभिमुखीकरण तथा बृत्ति बिकासमा खर्च गर्नुपर्ने रकमहरु सो कार्यमा खर्च नगरी बितरणमुखी कृयाकलापहरुमा खर्च गरेको छ। आन्तरिक आय कमजोर रहेको अबस्थामा आर्थिक असमानता हटाई बित्तीय समानीकरण ल्याउनको लागि उपलब्ध रकम गाँउपालिकाले कार्यपालिकाको निर्णयअनुसार बिभिन्न प्रयोजनको लागि बितरण गरेको छ। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ। यसरी बितरण गरिएका केही उदाहरणहरु यस प्रकार छनः-

| भौ.न. मिति | बिबरण | काम | रकम | कैफियत |
|---|---|---|---|---|
| ९३-०७५/२/९ | वडा नं ४ स्तरीय पुरुष भलिबल प्रतियोगिता | बिबिध खर्च | १५२८०० | रकम परस्कार |
| ९६-०७५/२/१० | गौरीशँकर माबि राष्ट्रिपति रनिङ्ग सिल्डमा भाग लिन | आर्थिक सहयोग | ९५५०० | खाजा ब्यानर आदी |
| २२३-०७५/३/१९ | वडा नं ३ स्तरीय खेलकुद कार्यक्रम | फुटवल प्रतियोगीता | ४७७५०० | खाजा, खाना तथा पुरस्कार |
| २३४-७५/३/२० | वडा नं १ स्तरीय खेलकुद कार्यक्रम | पुरुष भलिबल प्रतियोगीता | ९५००० | ,, |
| २४१-०७५/३/२० | वडा नं ७ स्तरीय खेलकुद कार्यक्रम | ,, | १९१००० | भलिबल पोल, खाजाखाना |
| २६०-०७५/३/२८ | वडा नं ८स्तरीय खेलकुद कार्यक्रम | ,, | ९५५०० | ,, |
| २८४-०७५/३/२१ | वडा नं ४ दलित, जेष्ठ नागरिक कार्यक्रम | सम्मान कार्यक्रम | २९२८६३ | कपडा तथा हर्लिक्स बितरण |

२५. **मू.अ.कर समायोजन :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ। कार्यालयसँग सम्झौता गरका उपभोक्ता समितिले बिभिन्न निर्माण कार्य( डोजर भाडा , कार्यालय सामाग्री लगायतको खरिद देहायका निर्माण व्यवसायीहरुसँग गरि भुक्तानी गरकोमा आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर (एद्बल) भिडान गर्दा उक्त फर्महरु नन फाइलर रहेको (मू.अ.कर विवरण दाखिला नगरेको) देखियो। निम्नानुसारको भुक्तानीमा व्यबसायीहरुलाई भुक्तानी दिएको मुल्य अभिवृद्धि कर रकम र नियमानुसार आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु...... १९,२३,००५/५

| भौ.न. मिति | उपभोक्ता समिति | निर्माण व्यवसायी | बिजक नम्बर | मु.अ.कर | प्यान नं | कैफियत |
|---|---|---|---|---|---|---|

| बेरुजु दफा | लेखापरीक्षणबा देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १००-०७५/२/११ | सोरुङे खोला साङ्बर बिगु सडक निर्माण उ.स | त्रिबेणी बिल्डर्स | १०-०७५/१/२६ | २११९६५ | ६०३६०१८९९ | ननफाईलर | |
| १४४-०७५/२/३१ | जामुनेभीर ग्रा.उ.स | ,, | ५०-०७५/२/२० | ६२५६२.५० | ,, | ,, | |
| १०२-०७५/२१/११ | आलम्पु ढुँगाखानी मो.बाटो नि.उ.स | रामकिशन कन्ट्रक्सन | १०-०७५/२/१० | २४७४९४ | ३०१७२१५४९ | जेष्ठमा १० नं बिजक र असारमाा ८ नम्बर बिजक जारी | |
| १७४-०७५/३/११ | बिगु ढिङ्ग ठाँङ्ग साँङ्ग बुकुनी डाँडा उ.स | ,, | ०८-०७५/३/१० | १७३६१५ | ,, | ,, | |
| १९५-०७५/३/१४ | सोईसाङ्ग च्यार्पासा सडक निर्माण उ.स | ,, | २१-०७५/३/१४ | १९७४७० | ,, | , | |
| १९८-०७५/३/१५ | स्याखु तामाखानी सडक नि.उ.स | ,, | ०१५-०७५/३/१५ | १०५१०० | ,, | असाढ १४ माा २१ नम्बर र असार १५ गते १५ नंम्बर बिजक जारी | |
| २०५-०७५/३/१७ | लेटिङ्ग खार्तल सडक निर्माण उ.स | ,, | १७-०७५/३/१७ | २१२०६२ | ,, | ,, | |
| २४६-०७५/३/१७ | फेल्दार बुलक्पा सडक निर्माण उ.स | ,, | २७-००७५/३/२३ | २११९६५ | ,, | नम्बरीङ्गमा एकरुपता नभएको | |
| २६५-०७५/३/२९ | सोरुङ्ग बुकम्पा डाँडा सडक निर्माण उ.स | त्रिबेणी बिल्डर्स | १७-०७५/३/२९ | ३०३९३३ | ६०३६०१८९९ | ननफाईलर | |
| २७५-०७५/३/२९ | कोथली बिगु सडक | ,, | १६-०७५/३/१३ | १९६८३९ | ,, | ,, | |
| | | | जम्मा | १९,२३,००५/५ | | | |

२६. **परिचालन प्रशासनिक खर्च -** सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत काम गरांउदा प्रशासनिक खर्च गराउदा प्रशासनिधक खर्च गर्न पाउने देखिँदैन । गाँउपालिकाले स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यबस्थापन सम्बन्धी कार्यबिधि २०७४ निर्माण गरि स्वीकृत गर्दा दफा १२ मा उपभोक्ता समितिबाट ५ लाखभन्दा घटीका योजना सँचालन भएमा ५ प्रतिशत र ५ लाखभन्दा बढीका योजना भएमा २ प्रतिशत बा न्युनतम २५०००।- परिचालन खर्च बापत उपभोक्ता समितिले खर्च गर्न सक्ने भनि मुल कानुनको प्रतिकुल कार्यबिधि निर्माण गरि सम्पन्न काममा प्रशासनिक खर्च थप गरि निम्नानुसार खर्च लेखेको देखियो । मुल कानुन भन्दा फरक पारी कार्यबिधि निर्माण गर्ने पदाधिकारीलार्य जिम्मेबार बनाई नपाउने खर्च लेखेको असुल गर्नुपर्ने रु

रकम रु.: ११,८४,५७१/४१

| भौ.न. मिति | उपभोक्ता | कार्यसम्पन्न अँक | भुक्तानी रकम | प्रशासनिक खर्च ५ %,२% वा २५०००।- |
|---|---|---|---|---|
| १००-०७५/२/११ | सोरुङ्गखोला साँगा बिजु सडक | १९१३३५५ | १९१०००० | ३८२००.०० |
| १०२-०७५/२/११ | आलम्पु-ढुँगाखानी मोटरबाटो सडक | २५५५५६५.८९ | २५५२४९३ | ५०६१५.०० |
| १०४-०७५/२/११ | टासीहलेसिँङ्ग गुम्बा मैदान उ.स | २८७३७०.४३ | २८६५०० | १४३२५.०० |
| १०६-०७५/२/१५ | अमाङ्ग थली गोलेया सडक नि.उ.स | ४५४०४२.६८ | ४५३६२५.०० | २२६८१.२५ |
| ११८-०७५/०२/१८ | जाहाल डाँडा फेल्दर ग्रा.उ.स | ३४०१०० | ३४०१०० | १९१०० |
| १३०-०७५/२/२५ | ढाँक्रेबोट हिन्ताँङ्ग सडक नि.उ.स | २८६८६९.०० | २८६५००.०० | १४३२५.०० |
| १४३-०७५/२/३१ | माने गुम्बाडाँडा सडक नि.उ.स | ७७०९२०.०० | ७७०९२०.०० | १९१००.०० |
| १५९-०७५/३/७ | खहरे चिसापानी सडक नि.उ.स | २८६७४०५.०० | २८६५०००.०० | १२३०४.०० |
| १७२-०७५/३/११ | धम्पु मा.बि तारजाली नि.उ.स | २५८४०४ | २५८४०४ | १२३०४ |
| १७४-०७५/३/११ | बिगु- कुकुनीडाँडा सडक मर्मत उ.स | २२४४२१०.०० | २२४४२१०.०० | ३५८७९.०० |
| १८१-०७५/३/११ | बुक्माडाँडा- गागलाते सडक नि.उ.स. | १३३७०००.०० | १३३७०००.०० | २४६३०.१६ |
| १८७-०७५/३/१३ | शहीद प्रतिक्षालय पुर्ननिर्माण | ४३२६२७.०० | ४३२६२७.०० | २३८७५.०० |
| १८९-०७५/३/१३ | काथेली-ढोरसाँग पैदलमार्ग | २६१६०६.०० | २६१६०६.०० | १५२८०.०० |
| १९१-०७५/३/१४ | भिरकुना-बिगु सडक | २२९६५३७.०० | २२९६५३७.०० | ४७७५०.०० |
| १९५-०७५/३/१४ | सोईसाङ्ग-नयाँसार्पा सडक नि.उ.स | १७८५२९९.०० | १७८५२९९.०० | ३८२००.०० |

| बेरुजु दफा | लेखापरीक्षणबा देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १९८-०७५/३/१५ | स्याखु-तामाखानी सडक | ९७०३८९.०० | ९७०३८९.०० | २४८३०.०० |
| २०१-०७५/३/१५ | स्वास्थ्य चौकि भवन निर्माण उ.स | ६४५६७६.०० | ६४५६७६.०० | २५०००.०० |
| २०३-०७५/३/१५ | बुक्माडाँडा-साँग्वा सडक | ८६६७५०.०० | ८६६७५०.०० | २५०००.०० |
| २०५-०७५/३/१७ | लोटेरिङ्ग खातेले सडक | १९१०००० | १९१०००० | ३४३०५.०० |
| २१३-०७५/३/१८ | कर्कलेधारा गुम्बा सडक | २८६५००.०० | २८६५००.०० | १४३२५.०० |
| २१५-०७५/३/१९ | ढाँक्रेबोट लोटिङ्ग सडक | १७४५३२९.०० | १७४५३२९.०० | ३८७३२.०० |
| २२२-०७५/३/२९ | वडा नं ३ खेल मेदान निर्माण | ४७७५००.०० | ४७७५००.०० | २३८७५.०० |
| २२६-०७५/३/२० | वज्रमाने ग्रा.स निर्माण | ३२५६६५.०० | ३२५६६५.०० | १९१००.०० |
| २३७-०७५/३/२० | पालीगाँउ-आहाले खा.पा.यो | ४०७४९६.०० | ४०७४९६.०० | २३८७५.०० |
| २३९-०७५/३/२० | च्यानघारी-सडक नि.उ.स | ४३६३७१.०० | ४३६७३१.०० | २३८७५.०० |
| २४४-०७५/३/२० | दार्मेखोला- दुरुङ्गखोला ग्रा.उ.स | ९५५०० | ९५५०० | ४७७५.०० |
| २४६-०७५/३/२० | फेल्दर-बुलक्पा सडक नि.उ.स | १९१००००.०० | १९१००००.०० | ३८२००.०० |
| २४९-०७५/३/२० | फुग्देखोला फलामेखोल सडक नि.उ.स | १२७११३.०० | १२७११३.०० | ७१६२.०० |
| २५१-०७५/३/२० | बुलुङ्ग सडक मर्मत उ.स | २३८७५०.०० | २३८७५०.०० | ११९३७.०० |
| २५६-०७५/३/२१ | सिङ्गले ढुँगा सडक सोलिङ्ग | ११६४६६ | ११६४६६ | ७१६२.०० |
| २५७-०७५/३/२१ | गोगर लाँकुरी सडक नि उ.स | ६६०२२१.०० | ६६०२२१.०० | १९१००.०० |
| २५८-०७५/३/२१ | देउलाँङ्ग-जगत ग्रा.स उ.स | ६६८५००.०० | ६६८५००.०० | १३३७०.०० |
| २५९-०७५/३/२६ | माल्बुङ्ग खा.पा.यो उ.स | १३६४५०९.०० | १३६४५०९.०० | २८६५०.०० |
| २६२-०७५/३/२८ | बुलुङ-ठाडोखोला सडक नि.उ.स | ६६८५०० | ६६८५०० | १३३७०.०० |
| २६५-०७५/०३/२९ | सोरुङ-बुक्कामडाँडा सडक नि.उ.स | २८३४२२८.०० | २८३४२२८.०० | ५७३००.०० |
| २६८-०७५/३/२९ | कृषि सेवा भवन निर्माण उ.स | ६१०३५३८.०० | ६१०३५३८.०० | १३३७०० |
| २७०-०७५/३/२९ | च्याने -ओराङखोला ग्रा.नि.उ.स | २१८५१३०.०० | २१८५१३०.०० | ५७३००.०० |
| २७२-०७५/३/२९ | सिङ्गटि बुलुङ्ग सडक नि.उ.स | २००५५०० | २००५५०० | ४०११० |
| २७३-००७५/३/२९ | सामुदायीक भवन नि.उ.स | ९४७४२६.०० | ९४७४२६.०० | २५०००.०० |
| २७४-०७५/३/२९ | ओराङ्ग गोगर सडक नि.उ.स | २०६५९१६.०० | २०६५९१६.०० | ४७७५०.०० |
| २७५-०७५/३/२९ | कोथली-बिगु सडक | १८२४७१४.०० | १८२४७१४.०० | ३८२००.०० |
| | जम्मा | ४९९७८९९८.०० | ४९९६८८६८.०० | ११८४५७१.४१ |

२७. **उपभोक्ता जनसहभागीता-** उपभोक्ता समितिबाट काम गराईनुपर्ने अबस्था परेमा साबजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा हेभी मेसिन प्रयोग गर्न नपाइने तर लागत अनुमान तयार गर्दा मेसिन प्रयोग गर्नुपर्ने भनि उल्लेख भएको रहेछ भने सार्बजनिक निकायको स्वीकृतीमा मेसिन प्रयोग गर्न सकिने व्यबस्था छ। यसैगरि नियम ९७(१क)र (११)मा उपभोक्ताले गर्ने काम जनसहभागीता र सार्बजनिक निकायको प्राप्त रकमबाट गर्ने कामको नापजाँच अलग अलग गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकाले नियमाबलीको मनसाय बिपरित " स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन, तथा व्यबस्थापन सम्बन्धी कार्यबिधि २०७४" मिर्ति २०७४।१२।२३ मा स्बिकृत गर्दा बुदा नं १९ मा मेसिन प्रयोग गरी सम्पुर्ण काम गरेमा श्रमदान गर्न नपर्ने उल्लेख गरि निम्नानुसार काममा न्युनतम १० प्रतिशत जनसहभागीता बिना मुल कानुन बिपरित काम गराएको कारण स्थानिय तहलाई थप व्ययभार पर्न गएको रु — ४८,४१,२८०/-

| भौ.न. मिति | उपभोक्ता | कार्यसम्पन्न अँक | प्रशासनिक खच बाहेक भुक्तानी रकम | जनसहभागीता बापत हुन आउने न्युनतम १० प्रतिशत रकम |
|---|---|---|---|---|
| १००-०७५/२/११ | सोरुङ्गखोला साँगा बिजु सडक | १९१३३५५ | १८७५१५५ | १८७५१५.५ |
| १०२-०७५/२/११ | आलम्पु-ढुँगाखानी मोटरबाटो सडक | २५५५५६६ | २५१७३६६ | २५१७३६.६ |
| १०४-०७५/२/११ | टासीहलेसिँङ्ग गुम्बा मैदान उ.स | २८७३७०.४ | २४९१७०.४ | २४९१७.०४ |
| १०६-०७५/२/१५ | अमाङ्ग थली गोलेया सडक नि.उ.स | ४५४०४२.७ | ४१५८४२.७ | ४१५८४.२७ |

| बेरुजु दफा | लेखापरीक्षणबा देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ११८-०७५/०२/१८ | जाहाल डाँडा फेल्दर ग्रा.उ.स | ३४०१०० | ३०१९०० | ३०१९० |
| १३०-०७५/२/२५ | ढाँक्रेबोट हिन्ताँङ्ग सडक नि.उ.स | २८६८६९ | २४८६६९ | २४८६६.९ |
| १४३-०७५/२/३१ | माने गुम्बाडाँडा सडक नि.उ.स | ७७०९२० | ७३२७२० | ७३२७२ |
| १५९-०७५/३/७ | खहरे चिसापानी सडक नि.उ.स | २८६७४०५ | २८२९२०५ | २८२९२०.५ |
| १७२-०७५/३/११ | धम्पु मा.बि तारजाली नि.उ.स | २५८४०४ | २२०२०४ | २२०२०.४ |
| १७४-०७५/३/११ | बिगु- कुकुनीडाँडा सडक मर्मत उ.स | २२४४२१० | २२०६०१० | २२०६०१ |
| १८१-०७५/३/११ | बुक्माडाँडा- गागलाते सडक नि.उ.स. | १३३७००० | १२९८८०० | १२९८८० |
| १८७-०७५/३/१३ | शहीद प्रतिक्षालय पुर्ननिर्माण | ४३२६२७ | ३९४४२७ | ३९४४२.७ |
| १८९-०७५/३/१३ | काथेली-ढोरसाँग पैदलमार्ग | २६१६०६ | २२३४०६ | २२३४०.६ |
| १९१-०७५/३/१४ | भिरकुना-बिगु सडक | २२९६५३७ | २२५८३३७ | २२५८३३.७ |
| १९५-०७५/३/१४ | सोईसाङ्ग-नयाँसार्पा सडक नि.उ.स | १७८५२९९ | १७४७०९९ | १७४७०९.९ |
| १९८-०७५/३/१५ | स्याखु-तामाखानी सडक | ९७०३८९ | ९३२१८९ | ९३२१८.९ |
| २०१-०७५/३/१५ | स्वास्थ्य चौकि भबन निर्माण उ.स | ६४५६७६ | ६०७४७६ | ६०७४७.६ |
| २०३-०७५/३/१५ | बुक्माडाँडा-साँग्बा सडक | ८६६७५० | ८२८५५० | ८२८५५ |
| २०५-०७५/३/१७ | लोटेरिङ्ग खातेले सडक | १९१०००० | १८७१८०० | १८७१८० |
| २१३-०७५/३/१८ | कर्कलेधारा गुम्बा सडक | २८६५०० | २४८३०० | २४८३० |
| २१५-०७५/३/१९ | ढाँक्रेबोट लोटिङ्ग सडक | १७४५३२९ | १७०७१२९ | १७०७१२.९ |
| २२२-०७५/३/२९ | बडा नं ३ खेल मेदान निर्माण | ४७७५०० | ४३९३०० | ४३९३० |
| २२६-०७५/३/२० | बज्रमााने ग्रा.स निर्माण | ३२५६६५ | २८७४६५ | २८७४६.५ |
| २३७-०७५/३/२० | पालीगाँउ-आहाले खा.पा.यो | ४०७४९६ | ३६९२९६ | ३६९२९.६ |
| २३९-०७५/३/२० | च्यानघारी-सडक नि.उ.स | ४३६३७१ | ३९८१७१ | ३९८१७.१ |
| २४४-०७५/३/२० | दार्मेखोला- दुरुङ्गखोला ग्रा.उ.स | ९५५०० | ५७३०० | ५७३० |
| २४६-०७५/३/२० | फेल्दर-बुलक्पा सडक नि.उ.स | १९१०००० | १८७१८०० | १८७१८० |
| २४९-०७५/३/२० | फुग्देखोला फलामेखोल सडक नि.उ.स | १२७११३ | ८८९१३ | ८८९१.३ |
| २५१-०७५/३/२० | बुलुङ्ग सडक मर्मत उ.स | २३८७५० | २००५५० | २००५५ |
| २५६-०७५/३/२१ | सिङ्गले ढुँगा सडक सोलिङ्ग | ११६४६६ | ७८२६६ | ७८२६.६ |
